## सिरानचोक गाउँपालिकाको गाउँसभामा उपाध्यक्ष श्री रीता देवकोटा ज्यूद्धारा प्रस्तुत

# आर्थिक बर्ष २०८०/०८१को वजेट बक्तब्य

सिरानचोक गाउँकार्यपालिका

## गाउँकार्यपालिकाको कार्यालय

छोप्राक,गोरखा

गण्डकी प्रदेश, नेपाल

२०८०/०३/१०

**आदरणीय गाउँ सभाका सभा अध्यक्ष ज्यू,**
**सभाका सदस्य ज्यूहरु,**

नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनको निम्ति २००७,२०४६ र २०६२/६३को जनआन्दोलन, शसस्त्र द्वन्द र मदेश आन्दोलनले नेपाली लोकतन्त्रको जग निर्माण गरी संघीय गणतन्त्र नेपालको लागि जीवन आहुति गर्नुहुने ज्ञातअज्ञात शहिदहरु प्रति हार्दिक श्रद्दान्जली अर्पण गर्दछु। घाइते, वेपत्ता र द्वन्द पिडितहरु प्रति सम्मान प्रकट गर्दछु। साथै राजनीतिक सामाजिक परिवर्तनमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने सिरानचोकका राजनीतिक नेतृत्व र सबै अग्रजहरु प्रति आदारभाव प्रकट गर्दछु।

यस गरिमामय सभामा आर्थिक वर्ष २०८०/८१को वार्षिक वजेट तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक वजेट तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनुहुने सम्पूर्ण आमा, बुबा, दाजुभाइ तथा दिदीबहिनीहरु लगायत सहजकर्ताहरुलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु।

संविधान वमोजिम स्थानीय विकास निर्माणका काम तत् स्थानीय तहले नै छनौट र कार्यान्वयन गर्ने नीति भएको भएता पनि थोरै साधन श्रोतबाट धेरै उपलब्धि हासिल गर्न सकिन्छ भन्ने ध्यले वजेट तथा कार्यक्रम प्रस्तुत गरेको जानकारी गराउदछु।

गाउँपालिका एतिहासिक, पर्यटकीय, बहुभाषिक, बहु-धार्मिक, बहु-सांस्कृतिक, बहु-जातिय बसोबास गर्ने विविधता युक्त गाउँपालिकामा रहेका समग्र जनताको जिवनस्तर उकास्न र सिरानचोकको आयआर्जनमा वृद्धि गरी आफ्नै राजश्वका क्षेत्रहरु बढाई आत्मनिर्भर बनाउने उद्देश्य र सिरानचोकमा रहेका सबै जनताको समृद्धिको विकास गर्ने गरी आगामी योजना कार्यक्रम कार्यान्वयन गर्ने गरी आ.व २०८०/०८१को अनुमानित आय/व्याय सहितको वजेट तथा कार्यक्रम प्रस्तुत गरेको छु।

**आदरणीय सभा अध्यक्ष महोदय,**

अब म **"समृद्ध एतिहासिक सिरानचोकको शानः दिगो विकासको अभियान"** भन्ने सिरानचोक गाउँपालिकाको दीर्घकालिन सोंचलाई मुर्तरुप दिन आर्थिक वर्ष २०८०/८१को बजेट निर्माणको उद्देश्य र वजेटका प्राथमिकताहरु निम्न वमोजिम प्रस्तुत गर्न अनुमति चाहन्छु।

**उद्देश्यहरु:**

- दिगो विकासको अवधारणालाई कार्यान्वयन गर्ने,
- राज्यद्वारा प्रदान गरिने सेवामा नागरिकहरुको पहुँच वृद्धि गर्ने,
- सर्वाजनिक निर्माणलाई गुणस्तरिय तथा टिकाउ अवधारणामा संचालन गर्ने,
- सामाजिक समावेशी र समतामुलक विकासको अवधारणालाई कार्यान्वयन गर्ने गरी कार्यक्रमहरु संचालन गर्ने,
- जनताको समृद्धिको निम्ति दैनिक जनजीवनमा परिवर्तन आउने गरी उत्पादनमुलक पेशा व्यावसायिक कार्यक्रमलाई प्राथामिकरण गर्ने,
- सुशासनको अवधारणालाई लागु गर्ने,

**वजेटका प्राथमिकताहरु:**

- कृषि तथा पशु सेवा व्यवसायको विविधीकरण/ब्यवसायिकरण
- सडक स्तर उन्नतिमा जोड
- गुणस्तरिय शिक्षा/प्राविधिक शिक्षामा जोड
- गुणस्तरिय स्वास्थ्य सेवामा वृद्धि
- युवा स्वोरोजगारको सिर्जना गरी आयआर्जनमा वृद्धि
- सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता
- महिला, एकल महिला, अल्पसंख्यक, सिमान्तिकृत, अपांग, दलित तथा जनजाती महिलाहरुलाई शसक्तिकारण साथै आर्थिक सवलीकरणको लागि सिपमुलक तालिमको व्यवस्थापन
- सामान्य जनताको न्यायमा पहुँचको विस्तार गर्न न्यायिक समितिको कामकारवाहीको प्राथमिकतामा जोड

**आदरणीय गाउँ सभा अध्यक्ष ज्यू,**
**सभाका सदस्य ज्यूहरु,**

अव म आर्थिक वर्ष २०८०/८१को अनुमानित आयको संक्षिप्त विवरण यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहन्छु ।

**राजस्व तर्फः**

- राजश्वको दायरा फराकिलो गर्दै एकिकृत सम्पत्तिकर, भूमिकर/मालपोत कर, घरवाहाल कर, नक्सा पास दस्तुर, सिफारिस दस्तुर, ब्यक्तिगत घटना दर्ता दस्तुर र ब्यवसाय रजिष्ट्रेशन दस्तुर, ढुङ्गा, गिटी, बालुवा, दहत्तर वहत्तर तथा अन्य विक्रीबाट गरी कुल आन्तरिक राजश्व तर्फ रु.१ करोड अनुमान गरिएको र
- आ.व २०७९/८०को अनुमानित बाँकी रकम रु. २० करोड मात्र गरी जम्मा रु. २१ करोड रुपैया पालिकाको आम्दानी अनुमान गरेको छु।
- संघीय सरकारको राजश्व बाँडफाँड बापत रु.८ करोड ६८ लाख ११ हजार ६ सय
- प्रदेश सरकारको राजश्व तर्फ ६९ लाख ८० हजार अनुमान गरीएको छ।
- गाउँपालिकाले संघीय सरकार मार्फत प्राप्त गर्ने अनुदान मध्ये बित्तिय समानीकरणमा रु.१३ करोड १२ लाख,
- संघीय सरकार शसर्त अनुदानमा रु. २९ करोड ८७ लाख र
- प्रदेश सरकार मार्फत बित्तिय समानीकरणमा रु. १ करोड ८७ लाख ६४ हजार
- प्रदेश सरकार शसर्त अनुदानमा ३० लाख
- संघीय सरकारको समपुरक अनुदान १ करोड ६५ लाख
- प्रदेश सरकारको समपुरक अनुदान ८० लाख,
- संघीय सरकार विशेष अनुदानमा १ करोड २५ लाख
- जिल्ला समन्वय समिति, गोरखाको अनुदान रु. ६० लाख गरी
- कुल बजेट जम्मा रु. **७९ करोड ८४ लाख ५५ हजार ६ सय रुपैया अनुमानित आय पेश गरेको छु ।**

**अध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष ०८०/८१को अनुमानित ब्यायको संक्षिप्त विवरण यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहन्छु ।

क) तलव तथा प्रशासनिक खर्च तर्फः रु. ९ करोड ८५ लाख ५५ हजार ६ सय रुपैया
ख) विषय क्षेत्र योजनाको लागि आवश्यक रकमः रु. ७ करोड ९६ लाख रुपैया

ग)  वडागत सिलिङ रकमः रु. ५ करोड ३१ लाख रुपैया

घ)  दीगो विकासको लक्ष्य कार्यन्वयन : ४ करोड ५० लाख रुपैया

ङ)  गाउँपालिका गौरवका आयोजनाः रु. १५ करोड ९० लाख रुपैया

च)  समपूरक अनुदान कार्यन्वयन : रु. ४ करोड ९० लाख रुपैया

छ)  शसर्त अनुदान कार्यन्वयनः रु ३० करोड १७ लाख रुपैया

ज)  विशेष अनुदान कार्यान्वयनः रु १ करोड २५ लाख रुपैया

**आदरणीय सभा अध्यक्ष ज्यू ,**

**सभाका  सदस्य ज्यूहरु,**

अब विषय क्षेत्रगत रुपमा मुख्य कार्यक्रम तथा विनियोजन गरिएको वार्षिक बजेट प्रस्तुत गर्न चाहान्छु ।

१. <u>आर्थिक विकास क्षेत्रः</u>

आर्थिक विकास क्षेत्र तर्फका लागि रकम रु. १ करोड ५९ लाख २० हजार रुपैया वजेट विनियोजन गरेको छु।जस अन्तर्गत

- कृषि तथा भुमि व्यवस्थाका लागि रु. ३१ लाख ८४ हजार रुपैया,
- सिंचाईका लागि रु. ३१ लाख ८४ हजार रुपैया,
- पशुपन्छी तर्फ रु. २३ लाख ८८ हजार रुपैया,
- सहकारी तथा गरिवी निवारणमा रु. ९ लाख ५५ हजार २ सय रुपैया,
- उद्योग वाणिज्य तथा आपूर्तिमा रु. २३ लाख ८८ हजार रुपैया,
- सम्पदा संस्कृति तथा पर्यटनमा रु. २३ लाख ८८ हजार रुपैया र
- श्रम तथा रोजगारीमा रु. १४ लाख ३२ हजार ८ सय रुपैया विनियोजन गरेको छु ।

२. <u>सामाजिक क्षेत्रः</u>

सामाजिक विकास क्षेत्र तर्फका लागि रकम रु. १ करोड ५९ लाख २० हजार रुपैया वजेट विनियोजन गरेको छु। जस अन्तर्गत

- स्वास्थ्य तथा पोषणमा रु. ४७ लाख ७६ हजार रुपैया,
- शिक्षा, विज्ञान तथा प्रविधिमा रु. ३१ लाख ८४ हजार रुपैया,
- खानेपानी तथा सरसफाईमा रु. ३१ लाख ८४ हजार रुपैया,
- युवा, खेलकुद तथा नवप्रवर्धनमा रु. २३ लाख ८८ हजार रुपैया र
- महिला बालबालिका तथा समाज कल्याणमा रु. २३ लाख ८८ हजार रुपैया विनियोजन गरेको छु।

## ३. पूर्वाधार क्षेत्रः

पूर्वाधार क्षेत्र तर्फका लागि रकम रु. ३ करोड १८ लाख ४० हजार रुपैयाँ वजेट विनियोजन गरेको छ। जस अन्तर्गत

- भवन, आवास, वस्ती तथा शहरीविकासका लागि रु. १ करोड ११ लाख ४४ हजार रुपैया,
- सडक, पुल तथा यातायात व्यवस्थाका लागि रु. १ करोड ४३ लाख २८ हजार रुपैया,
- जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जामा रु. ३१ लाख ८४ हजार रुपैया र
- सूचना तथा संचारमा रु. ३१ लाख ८४ हजार रुपैया विनियोजन गरेको छु।

## ४. वन, वातावरण तथा वातावरण व्यवस्थापनः

वन, वातावरण तथा वातावरण व्यवस्थापन क्षेत्रका लागि रकम रु. ७९ लाख ६० हजार रुपैया वजेट विनियोजन गरेको छु।

- जस अन्तर्गत वन तथा जैविक विविधतामा रु. ३ लाख ९८ हजार रुपैया,
- भू-संरक्षण तथा जलाधार व्यवस्थापनमा रु. ३५ लाख ८२ हजार रुपैया,
- वातावरण तथा फोहोरमैला व्यवस्थापनमा रु. ११ लाख ९४ हजार रुपैया र
- विपद व्यवस्थापन तथा जलवायु उत्थानशीलतामा रु. २७ लाख ८६ हजार रुपैया विनियोजन गरेको छु।

## ५. संस्थागत विकास तथा सुशासनः

संस्थागत विकास तथा सुशासन क्षेत्रका लागि रकम रु. ७९ लाख ६० हजार रुपैया वजेट विनियोजन गरेको छु।

- जस अन्तर्गत नीति, कानून, न्याय तथा सुशासनमा रु. १५ लाख ९२ हजार रुपैया,
- सङ्गठनात्मक विकास, मानव संशाधन तथा सेवा प्रवाहमा रु. १५ लाख ९२ हजार रुपैया,
- श्रोत परिचालनमा रु. २३ लाख ८८ हजार रुपैया र
- तथ्यांक प्रणाली र योजना व्यवस्थापनमा रु. २३ लाख ८८ हजार रुपैया विनियोजन गरेको छु।

**अध्यक्ष महोदय,**

वडा स्तरीय योजना तथा कार्यक्रमका लागि चाहिने आवश्यक रकमका लागि रु. ५ करोड ३१ लाख रुपैया विनियोजन गरेको छु। जस अन्तर्गत

- वडा नं १को लागि रु. ५९ लाख ९१ हजार ४ सय रुपैया,
- वडा नं २ को लागि रु. ६६ लाख ३२ हजार ५ सय ६० रुपैया,
- वडा नं ३को लागि रु. ६० लाख ७९ हजार ४० रुपैया,
- वडा नं ४को लागि रु. ५७ लाख ७ हजार २ सय रुपैया,
- वडा नं ५को लागि रु. ६९ लाख ९९ हजार ९ सय ९० रुपैया,
- वडा नं ६को लागि रु. ७१ लाख ५० हजार ३ सय ३० रुपैया,
- वडा नं ७को लागि रु. ६८ लाख २२ हजार २ सय २० रुपैया र
- वडा नं ८को लागि रु. ७७ लाख १७ हजार २ सय ६० रुपैया विनियोजन गरेको छु।

**अध्यक्ष महोदय,**

दीगो विकासका प्रत्यक लक्ष्यहरु कार्यन्वयनका लागि विनियोजन गरिएको वार्षिक बजेट प्रस्तुत गर्न चाहान्छु। दीगो विकास लक्ष्यहरु कार्यन्वयनका लागि रकम रु. ४ करोड ५० लाख रुपैया विनियोजन गरेको छु। जस अन्तर्गत

- गरिवी अन्त्यका लागि रु. २२ लाख ५० हजार रुपैया,
- भोकमारीको अन्त्य, खाद्य सुरक्षा तथा उन्नत पोषण उपलब्धता गर्न र कृषि प्रवर्धनका लागि रु. २७ लाख रुपैया,
- स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्धनका लागि २७ लाख रुपैया,
- समावेशी तथा समानतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्न र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरु प्रवर्धन गर्नका लागि रु. ३१ लाख ५० हजार रुपैया,
- लैंगिक समानता हासिल गर्न र सबै महिला र बालबालिकालाई सशक्त बनाउनका लागि रु. १८ लाख रुपैया,
- स्वच्छ खानेपानी र सरसफाईको उपलब्धता सुनिश्चित गर्नका लागि रु. ६७ लाख ५० हजार रुपैया,
- सबैका लागि किफायती, विश्वोसनिय, दीगो र आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्नका लागि रु. २२ लाख ५० हजार रुपैया,

- सबैका लागि समावेशी तथा दीगो आर्थिक वृद्धि, रोजगारी तथा मर्यादित कामको प्रवर्धन गर्नका लागि रु. १८ लाख रुपैया,
- उथान्शील पुर्वाधारको निर्माण, दीगो औधोगीकरणको प्रवर्धन र नवीन खोजलाई प्रोत्साहन गर्नका लागि रु.२७ लाख रुपैया,
- असमानता न्यूनीकरणका लागि रु.४ लाख ५० हजार रुपैया,
- सहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उथान्शील र दीगो बनाउनका लागि रु. ६७ लाख ५० हजार रुपैया,
- दीगो उपभोग र उत्पादन ढाँचा सुनिश्चित गर्नका लागि १८ लाख रुपैया,
- जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रणमा तत्काल पहलका लागि रु. २७ लाख रुपैया,
- वनको दीगो व्यवस्थापन, भूक्षय रोकथाम तथा जैविक विविधताको संरक्षण गर्नका लागि रु. १३ लाख ५० हजार रुपैयाँ ,
- न्यायमा आधारित, शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्नका लागि रु. ४ लाख ५० हजार रुपैयाँ,
- दीगो विकासका लागि साझेदारी सशक्त बनाउनका लागि रु. ५४ लाख रुपैयाँ विनियोजन गरेको छु।

**अध्यक्ष महोदय,**

गाउँपालिका भित्र निर्माण गर्नुपर्ने विभिन्न गौरवका आयोजनाहरु मुख्य सडक देखि वडा कार्यालय जोड्ने सडकहरु, “क” वर्गमा वर्गीकृत गरिएका सडकहरु, अन्य महत्वपूर्ण सडकहरु, वडा कार्यलयका भवनहरुको निर्माण र स्तरोन्नति , गाउँपालिका प्रशासकीय भवन निर्माण, गाउँपालिका भित्र निर्माण गर्नुपर्ने पार्क तथा पर्यटन पूर्वाधारहरुको निर्माण, खानेपानी तथा सिंचाई योजना निर्माण आदि गौरवको आयोजनाको निर्माणका लागि रकम रु. १५ करोड ९० लाख विनियोजन गरेको छु।

**अध्यक्ष महोदय,**

सिरानचोक गाउँपालिकाको चौतर्फी विकास हाम्रो चाहाना अभियानलाई पूरा गर्नको लागि यो वजेट सार्थक सिद्ध हुने विश्वास लिएको छु । संघ तथा प्रदेशबाट प्राप्त गर्ने वित्तीय सम्मानीकरण, सशर्त, राजश्व बाँडफाँडको रकम समयमा प्राप्त हुन्छ भन्ने विश्वास लिएको छु ।

प्रस्तुत गरिएको बजेट कार्यान्वयनबाट सिरानचोक वासिको समृद्धी, अधिकारको सुनिश्चतता, सार्वजनिक सेवाको प्रभावकारीता र गुणस्तर वृद्धि हुने विश्वास लिएको छु । आगामी आर्थिक वर्ष सिरानचोकको पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास, सामाजिक सेवा, सुशासनको क्षेत्रमा महशुस हुने गरी परिवर्तन हुने अपेक्षा राखेको छु । यो बजेट गाउँपालिकामा कर्मचारी आवश्यकता अनुसार आपूर्ति, कार्ययोजना निर्माण गरी कार्य सम्पादन, सवै सरोकारवालाहरुको सहयोग भएमा १०० प्रतिशत कार्यन्वयन हुनेमा पूर्ण विश्वस्त छु ।

अन्तमा वजेट तर्जुमा गर्दा मार्गनिर्देश गर्ने गाउँपालिकाका सदस्यहरु, कार्यपालिका, बौद्धिक वर्ग, कर्मचारीहरु सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

**धन्यवाद ।**

**जय सिरानचोक,**

**रीता देवकोटा**

**उपाध्यक्ष**